**REGIONAL NEWS UNIT**

**ALL INDIA RADIO GANGTOK**

**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs** **Date: 03.11.2024**

## सि एम रेसिडेन्ट अफ सिङलिङ, सोरेङ

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले दीपावलीका अवसरमा आफ्नो गृहनगर सिङलिङ सोरेङका स्थानीयवासीसँग भेटघाट गरी भलाकुसारी गर्नुभयो। उहाँले यस पर्वको अवसरको बाबजुत पनि जनताका आवश्यकताहरूप्रति पहुँचयोग्य र उत्तरदायी रहने आफनो सरकारको प्रतिबद्धतालाई जोड़ दिनुभयो। श्री तामङले चाड़पर्वमा मात्र नभई हरेक दिन नागरिकका समस्या सुन्न र समाधान गर्न प्रशासन समर्पति रहेको पनि बताउनुभयो । उहाँले सबैमा हार्दिक शुभकामना व्यक्त गर्दै परम्परागत चाड़पर्वहरू एकसाथ मिलेर मनाउँदा त्यसले सबैका लागि खुसीयाली ल्याउने र अमेट सम्झानाहरू सिर्जना गर्ने विश्वास व्यक्त गर्नुभयो।

## स्पिकर स्टेरिङ कम्मिटी मिटिङ

सिक्किम विधान सभाका अध्यक्ष श्री मिङमा नोर्बु शेर्पा आज सिडनीको न्यू साउथ संसदको म्याकेल कक्षा सम्पन्न सञ्चालन समितिका बैठकमा सहभागी हुनुभयो। उहाँ राष्ट्रमण्डल संसदीय संघका साना शाखाहरूको सञ्चालन समितिका सदस्य हुनुहुन्छ। बैठकमा अघिल्लो बैठकको प्रतिवेदन सिपिए साना शाखा सञ्चालन समितिको सदस्यता, 67 औं सिपिसि योजनाको अपडेट, कार्य योजना परामर्श 2025 को कार्यान्वयन, सिपिए शाखा र क्षेत्रमा सञ्चालन समितिको प्रतिवेदन. अध्यक्ष र उपाध्योक्षको चुनाव आदि बुँदाहरू छलफल गरिएको छ। सञ्चालन समिति बैठकको अध्यक्षता सुश्री योजबर्चले गर्नुभएको थियो। उहाँ अस्ट्रेलियन क्यापिटल टेरिटोरीका अध्यक्ष हुनुहुन्छ।

40औं सिपिए साना शाखा सम्मेलन अनि 8औं राष्ट्रमण्डल महिला सांसद सम्मेलन र कार्यशाला 4 र 5 नोभेम्बर, 2024 मा अस्ट्रेलियाको आई सिसि सिडनीमा आयोजन हुने तय भएको छ।

## भाई टिका

सिक्किम र दार्जीलिङ क्षेत्रमा आज हिन्दु धर्मालम्बीहरूले तिहारको अन्तिम दिन भाइटिका हर्षोल्लासपुर्वक मनाए। दिदी- बहिनीहरूले दाजु- भाइलाई आज निधारमा पञ्चरङ्गी टिका लगाई, फूलमाला पहिराएर दीर्घायुको कामना गर्दै, उनीहरूको पूजा गरे। चेली-माइतीको

सम्बन्धलाई प्रगाढ़ बनाउन दाजु-भाइले पनि दिदीबहिनीहरूको सम्मान गर्ने प्रचलन छ।गान्तोक लगायत राज्यका विभिन्न ठाउँमा देउसी खेल्नेहरूले सयपत्री फूलको माला पहिरेर घर घरमा नाच्दै गाउँदै वातावरण नै रमाइलो बनाए।

तिहार चाड़को धार्मिक र सामाजिक महत्व छ। पैराणिक कथाअनुसार सूर्यका छोरा यमराजलाई आजकै दिन आफ्नी बहिनीले फूलमाला लगाई पूजा गरी खानपिन गराएर दीर्घायु र सुस्वास्थ्यको आशिर्वाद दिएकी थिइन्। यो परम्परा आजसम्म पनि चली आएको छ। कार्तिक महिनाको कृष्ण पक्षको त्रयोदशी तिथिदेखि लगातार पाँच दिनसम्म यो चाड़ मनाइने हुनाले यसलाई यमपञ्चक पनि भनिन्छ।

## नाम्ची स्टुडेन्ट फन्स फ्रम देउसे

हृदयस्पर्शी प्रेममय कार्यका रूपमा, नाम्चीका युवा विद्यार्थीहरूको समूहले देउसी खेलेर सङ्कलनु गरेको पैसा दान गरी आफ्नो समुदायमा महत्वपूर्ण प्रभाव पारेको छ। नाम्ची जिल्ला अस्पतालमा खाँचोमा परेका बिरामीलाई सहयोग गर्न मञ्जुश्री पब्लिक स्कूलका विद्यार्थीहरू  फुन्फुसोग रिक्सेल, नकुल धिमेरे, जिग्देल भुटिया अनि सेभेन हिल्स स्कुलका विद्यार्थी देवाङ तामाङ ती खाँचोमा परेका बिमारीलाई सहयोग गर्न अघि सरेको हुन्। फुन्सोगका पिता दोर्जी भुटिया भन्छन्, सानो कामले पनि कसरी ठूलो फरक पार्न सक्छ भन्ने यो एउटा सुन्दर उदाहरण हो। यी विद्यार्थीहरूको राम्रो सोच र कार्यले ती बिमारीको परिवारका लागि केही आर्थिक बोझ मात्र कम गर्दैन तर अरूलाई मद्दत गर्नका लागि प्रेरणाको रूपमा पनि काम गर्दछ।

## आई एमडी –वेदर

मौसम विज्ञान विभागले भोलिसम्म तमिलनाडु, पुडुचेरी, केरला, कराइकल र माहेमा मेघगर्जन र चट्याङसहित भारी वर्षाको सम्भावना रहेको जनाएको छ। विभागका अनुसार आगामी तीन दिन देशको उत्तर पश्चिम र पूर्वी भूभागमा न्यूनतम तामक्रम दुई देखि तीन डिग्री सेल्सियसले क्रमशः घट्ने अनुमान गरिएको छ। विभागले मंगलबार अन्दमान र निकोबार टापुहरूमा भारी वर्षा हुने पुर्वानुमान 45 गरेको छ । विभागले दिल्ली र राष्ट्रिय राजधानी क्षेत्रमा आगामी दुई-तीन दिन राती र बिहानका समयमा धुवाँ र हल्का तुवाँलो लाग्ने सम्भावना रहेको बताएको छ। भोलि बिहानको समयमा उत्तर पूर्वी उत्तर प्रदेशका केही क्षेत्रमा मध्यमदेखि बाक्लो कुहिरो लाग्ने पुर्वानुमान गरिएको छ।